Wondershare PDFelement

# Accountability Watch Committee (AWC)
## जवाफदेहिता निगरानी समिति

प्रेस विज्ञप्ति

दलीय सहमतिको नाममा दण्डहीनता संस्थागत गर्ने कुनै पनि संशोधन स्वीकार्य हुँदैन, गम्भीर त्रुटिहरू सच्याएर मात्र संसद्ले विधेयक पारित गरोस्

२५ श्रावण २०८१

काठमाडौं - थाती रहेको संक्रमणकालीन न्याय प्रक्रियालाई टुंगोमा पुर्‍याउन तीन प्रमुख दल एक ठाउँमा उभिनु सकारात्मक छ। तथापि, दलीय सहमतिको नाममा कानून, न्याय तथा मानवअधिकार समितिले उल्लंघनको परिभाषा र वर्गीकरण तथा सजाय घटाई अभियोजन गर्ने लगायतका विषयमा अगाडि बढाएका संशोधन प्रस्तावहरू समस्याग्रस्त देखिएका छन्। यस सन्दर्भमा जवाफदेहिता निगरानी समितिको गम्भीर ध्यानाकर्षण भएको छ।

"प्रचलित नेपाली कानून, अन्तर्राष्ट्रिय मानवअधिकार कानून र अन्तर्राष्ट्रिय मानवीय कानून" विपरीतका कार्य भएर पनि "मानवअधिकारको उल्लंघन" मानिनको लागि "सशस्त्र द्वन्द्वको क्रममा निःशस्त्र व्यक्ति वा जनसमुदाय विरुद्ध लक्षित गरी वा योजनाबद्ध रूपमा" गरिएको हुनु पर्ने प्रावधान अनुपयुक्त छ। यसले युद्ध अपराध र मानवता विरुद्धको अपराधका सबै अवयवहरूलाई मानवअधिकारको गम्भीर उल्लंघन मानिने अन्तर्राष्ट्रिय मान्यताको उल्लंघन गरेको छ। अर्कोतर्फ, युद्ध अपराध र मानवता विरुद्धको अपराधको थ्रेसहोल्ड सन्तुष्ट नपार्ने प्रकृतिका उल्लंघनहरूलाई मानवअधिकारको उल्लंघनको दायराबाट बाहिर राखिएको छ, जुन संक्रमणकालीन न्यायको उद्देश्य विपरीत छ।

त्यसैगरी "मानवअधिकारको गम्भीर उल्लंघन" को परिभाषा पनि देहायका कारणले गर्दा अन्तर्राष्ट्रिय कानूनी मापदण्ड अनुरूप छैन :

- "सशस्त्र द्वन्द्वको क्रममा निःशस्त्र व्यक्ति वा जनसमुदाय विरुद्ध लक्षित गरी वा योजनाबद्ध" बाहेक युद्धको नियम उल्लंघन गरी जोसुकै विरुद्ध गरिएका हत्या, बेपत्ता पार्ने कार्य, यातना लगायतका उल्लंघनलाई समेट्न चुकेको छ।
- बेपत्ता पार्ने कार्यका सन्दर्भमा थप गरिएको स्पष्टीकरण खण्डले अहिलेसम्म फेला नपरेकालाई मात्रै बेपत्ता पारिएको व्यक्ति मानिने व्यवस्था गरिएको देखिन्छ। यसले द्वन्द्वरत पक्षबाट अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानून विपरीत बेपत्ता पारिएका र पछि जीवितै पत्ता लागेका पीडितको सत्य, न्याय र परिपूरणको अधिकार कुण्ठित गर्छ।
- मानवअधिकारको गम्भीर उल्लंघनको सूचीमा "मानवता विरुद्धको अपराध" र "युद्ध अपराध" लाई अलग्गै अपराधको रूपमा समेट्न चुकेको छ।
- यातनाको अगाडि "अमानवीय" वा "क्रूर" भनेर विशेषण जोडिनु उपयुक्त हुँदैन। यातना आफैंमा "अमानवीय" र "क्रूर" हुने भएकाले नै यसमा विश्वव्यापी क्षेत्राधिकार समेत आकर्षित हुन्छ। प्रत्यक्ष वा परोक्ष रूपमा दण्डबाट उन्मुक्ति दिन बाटो खोल्ने काम नेपाल पक्ष भएको यातनाविरुद्धको महासन्धि विरुद्ध हुन्छ।

अपराधको गम्भीरता बढाउने र घटाउने अवस्थाहरूको स्वतन्त्र न्यायिक मूल्यांकन गरी सजाय निर्धारण गर्न सक्ने अधिकार अदालतलाई दिने गरी विधेयकमा गरिएको व्यवस्था (दफा २९ (घ)) लाई समितिले तोडमोड गर्ने काम गरेको देखिएको छ। अदालतको अधिकार कटौती गरी महान्यायाधिवक्ता वा मातहतका सरकारी वकीलले नै ७५ प्रतिशतसम्म सजाय घटाएर २५ प्रतिशत सजायको माग गरी मुद्दा दायर गर्न सक्ने यो प्रावधान दुराशयपूर्ण छ। न्यायिक स्वतन्त्रतालाई खण्डित गरी प्रधानमन्त्रीको इच्छामा नियुक्त हुने महान्यायाधिवक्ता र निज मातहतमा काम गर्ने सरकारी

Wondershare PDFelement

वकीललाई अवाञ्छित रूपमा सजाय कटौतीको अधिकार सुम्पिइएको छ । यसले अपराधको गम्भीरताको अनुपातमा दण्डसजाय हुनुपर्ने तथा दण्ड सजाय निर्धारण गर्ने अधिकार स्वतन्त्र न्यायालयमा निहित हुनुपर्ने सर्वस्वीकार्य मान्यतालाई ठाडै उल्लंघन गरेको छ ।

स्थापित कानूनी मान्यता र विधिशास्त्र विपरीत गम्भीर उल्लंघनमा दण्डहीनतालाई संस्थागत गर्ने नियतले आएको यो व्यवस्था नेपालको संविधान तथा नेपाल पक्ष भएका नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धि अन्तर्गत अमान्य देखिन्छ । साथै विगतमा सर्वोच्च अदालतले संक्रमणकालीन न्यायको सन्दर्भमा जारी गरेका कुनै पनि आदेशले दण्डसजाय निर्धारण सम्बन्धी अदालतको सार्वभौम अधिकारलाई प्रत्यक्ष वा परोक्ष रूपमा कटौती गर्न अनुमति नदिएको, बरू अपराधको गम्भीरता अनुरूप दण्डसजाय हुने गरी व्यवस्था गर्नुपर्नेमा जोड दिएको वास्तविकतालाई ऐनमौकामा नै हेक्का राख्न निगरानी समिति संघीय संसद् र सांसदहरूको ध्यानाकर्षण गराउँछ ।

यसका अतिरिक्त, अभियोजनका लागि आयोगले सिफारिस गरेको मितिले एक वर्षको हदम्याद जटिल प्रकृतिका घटनाहरूको सन्दर्भमा अपर्याप्त हुने भएमा एक वर्षपछि पनि थप अनुसन्धान गरी मुद्दा चलाउन बाधा नपर्ने, अनुसन्धान र अभियोजनको प्रक्रियाभरि सार्वजनिक पदमा रहेको व्यक्ति निलम्बन हुने, आयुक्त नियुक्तिपूर्व सार्वजनिक सुनुवाइ गर्ने लगायतका खुला तथा पारदर्शी नियुक्ति प्रक्रिया अवलम्बन गर्नुपर्ने लगायतका पीडित समुदायका सरोकारहरूलाई सम्बोधन गर्न पनि समिति चुकेको देखिन्छ ।


तसर्थ विधेयकका उल्लिखित गम्भीर त्रुटिहरू सच्याएर मात्र विधेयक पारित गरी संक्रमणकालीन न्याय प्रक्रियाको दिगो र वैध टुंगो लाग्ने वातावरणको सिर्जना गर्न संघीय संसद्, सरकार, संसदीय दलहरूलाई निगरानी समिति आह्वान गर्दछ ।

साथै नेपालको सर्वोच्च अदालतले नै संक्रमणकालीन न्यायको विधिशास्त्रीय मार्गचित्र कोरिदिएको जान्दाजान्दै सरकार र सांसदहरूलाई बाह्य अनुभवको अवसर दिलाउने नाममा नेपालको संक्रमणकालीन न्याय प्रक्रियालाई अवाञ्छित रूपमा प्रभावित पार्ने कार्य भइरहेको प्रति पनि निगरानी समिति चिन्ता व्यक्त गर्दछ ।

संक्रमणकालीन न्याय प्रक्रियालाई दण्डहीनता संस्थागत गर्ने निहितार्थ दुरुपयोग हुनबाट जोगाउन र संक्रमणकालीन न्यायले पीडितमैत्री तरिकाले नेपालभित्रै वैध र दिगो निकास प्राप्त गर्ने वातावरण निर्माणका लागि इमान्दारीपूर्वक सघाउन संक्रमणकालीन न्याय प्रक्रियाप्रति चासो राख्दै आएका सम्बन्धित सबै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवालाहरूलाई निगरानी समिति आग्रह गर्दछ ।

Wondershare PDFelement

**जवाफदेहिता निगरानी समितिको तर्फबाट**



राजुप्रसाद चापागाई (संयोजक), राजन कुईकेल (सहसंयोजक), रुकमनी महर्जन (सहसंयोजक), सदस्यहरू : चरण प्रसाई, डा. गौरीशंकरलाल दास, डा. मन्दिरा शर्मा, प्रा. कपिल श्रेष्ठ, डा. गोपालकृष्ण शिवाकोटी, दिनेश त्रिपाठी, सुमन अधिकारी, देवी सुनुवार, बाबुराम गिरी, डा. विरेन्द्र थपलिया, ओमप्रकाश अर्याल, जनक बहादुर राउत, इन्द्रप्रसाद अर्याल, महामुनिश्वर आचार्य, विकास बस्नेत, अनिता थपलिया, भक्त विश्वकर्मा, बद्री भुसाल ।